नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

# विज्ञप्ति

मिति २०८० मंसिर २० गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको समुपस्थितिमा नेपालको अर्थतन्त्र तथा शासकीय सुधार सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ उक्त कार्यक्रममा माननीय अर्थमन्त्रीज्यू, माननीय संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा सदस्यज्यूहरु, नेपाल सरकारका मुख्यसचिवज्यू, नेपाल राष्ट्र बैंकका गभर्नरज्यू, नेपाल सरकारका पूर्व मुख्यसचिज्यूहरु, सचिवज्यूहरु, पूर्व सचिवज्यूहरु लगायतको सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा बोल्दै सम्माननीय प्रधानमन्त्रीज्यूले प्रशासकीय सुधार अपेक्षाकृत नभएको भन्दै अब समग्र शासकीय प्रणालीमा नै सुधार गर्ने कुरामा सरकारले तयारी गरिरहेको र शासकीय सुधार आयोग मार्फत यसको समग्र समीक्षा गरी अगाडि जाने प्रक्रियातिर रहेको बताउनुभयो । तत्काल जनताले प्रत्यक्ष रुपमा अनुभूत गर्नेगरी सेवा प्रवाहमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याउँदै सम्माननीय प्रधानमन्त्रीज्यूले तत्कालीन र दीर्घकालीन सुधारका सम्बन्धमा ठोस निष्कर्षमा पुग्नु जरुरी रहेको बताउनु भयो । सोह्रौं योजनाको समग्र तयारी तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटको समेत तयारी गर्ने समय भएकोले प्रशासन तथा अर्थतन्त्रमा गर्नुपर्ने सुधारका लागि उपयुक्त समय भएको उहाँको धारणा थियो । नेपालको प्रशासनिक नेतृत्वको ज्ञान, क्षमता तथा व्यवसायिकतामा कुनै शंका नरहेको तर परिणाममा भने प्रयुक्त हुन नसकेको भन्दै सेवा प्रवाह र विकासका साथै प्रशासनिक एवं आर्थिक क्षेत्रमा देखिएका कमजोरीहरुलाई समाधान गरेर जानुपर्नेमा जोड दिनुभयो । आफ्नो कार्यकालको पहिलो वर्ष पूरा हुन लागेको उल्लेख गर्दै प्रधानमन्त्रीज्यूले दोश्रो वर्षको सुरुवातको थालनी सेवा प्रवाह, विकास, नीति तथा कानुनको नयाँपन सहित गर्न चाहेकोले अन्तरक्रिया कार्यक्रमबाट व्यवहारिक तथा मूर्त सुझाव प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

अन्तरक्रिया कार्यक्रमको सुरुवातमा प्रशासन विज्ञ डा हिरामणि घिमिरे, नेपाल सरकारका पूर्व सचिव श्री पूर्णचन्द्र भट्टराई र सह-प्राध्यापक डा उद्धव प्याकुरेल त्रयले शासकीय सुधारको आधारभूत संरचना र सरकारका तात्कालीक कार्यहरुका विषयमा तथा पूर्व सचिव श्री रामेश्वर खनाल, त्रि.वि अर्थशास्त्र विभागका प्रमुख शिवराज अधिकारी र अर्थविद डा. विश्वास गौचनले नेपालको अर्थतन्त्रको वर्तमान अवस्था, चुनौति र सुधारका उपायहरु शीर्षकमा दुईवटा कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो ।

साथै कार्यक्रमको विषयवस्तुमाथि टिप्पणी गर्दै पूर्व मुख्यसचिवहरु श्री तिर्थमान शाक्य, डा. विमल कोइराला, डा. सोमलाल सुवेदी, लिलामणि पौडेल र शंकरदास वैरागीले विभिन्न नीतिगत तथा प्रक्रियात विषयमा धारणा राख्नु भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा सहभागी पूर्व मुख्यसचिवज्यूहरुको संयोजकत्वमा सचिवज्यूहरु सम्मिलित पाँच वटा समूह बनाएर अर्थतन्त्र, प्रशासनिक तथा सेवा प्रवाहमा तत्काल गर्नुपर्ने सुधारका कार्यहरुको बारेमा छलफल गरेर निष्कर्षहरु प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा उपस्थित सम्पूर्णलाई धन्यवाद दिँदै श्रीमान् मुख्य सचिव श्री बैकुण्ठ अर्यालले अन्तरक्रियाबाट आएका सुझावहरुलाई यसअघि सम्माननीय प्रधानमन्त्रीज्यूबाट विभिन्न समयमा भएका सम्बोधनहरु एवं निर्देशनहरुको आधारमा तयार गरिएको कार्ययोजनासंग आबद्ध गरी कार्यान्वियन गर्दै लगिने र सो का लागि आ-आफ्नो मन्त्रालय/निकायको वस्तुपरक कार्ययोजना निर्माण गरी कार्यान्वियनमा लैजान सम्पूर्ण सचिवहरुलाई निर्देशन दिनुभयो ।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

## विज्ञप्ति

कार्यक्रमको अन्त्यमा समापन मन्तव्य राख्दै माननीय अर्थमन्त्री डा. प्रकाशसरण महतले नेपालको शासकीय व्यवस्थामा रानजीति र प्रशासन दुबै तर्फ समस्या रहेको भन्दै सबैले आफ्नो-आफ्नो ठाउँबाट जिम्मेवारी लिएर काम गर्नुपर्ने बताउनुभयो । सार्वजनिक निकायले नागरिकको विश्वास आर्जन गर्न सकेमा हाल अर्थतन्त्रमा देखिएको समस्या धेरै हदसम्म समाधान हुने बताउँदै कार्यक्रमको समापन गर्नु भएको थियो ।

२०८० मंसिर २२ गते, शुक्रबार ।

नारायण प्रसाद भट्ट
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np